# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE (ECHO GROUP)

Editor : S. SAM SELVA RAJ — 16 Languages — Associate Editor : Bro. Bhuvan Devkoda

Vol. XXII — YEAR OF OUR LORD JESUS CHRIST, JUNE 2022 — No. 6


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**हितोपदेश ४:१-१०**

१. हे मेरा छोराहरू, आफ्नो बुबाको अर्ती सुन, यसमा ध्यान देओ र समझशक्ति प्राप्त गर ।

२. किनकि म तिमीहरूलाई उत्तम शिक्षा दिन्छु, यसैकारण मेरो अर्तीलाई नत्याग ।

३. जब म आफ्ना बुबाको घरमा एक ठिटो थिएँ, कलिलै अवस्थाको र मेरी आमाको एक मात्र छोरो,

४. उहाँले मलाई शिक्षा दिनुभयो र भन्नुभयो, “तेरो पूरा हृदयले मेरो वचन पक्रिराख, मेरा आज्ञाहरू पालन गर् र तँ जिउनेछस् ।”

५. बुद्धि प्राप्त गर, समझशक्ति प्राप्त गर, मेरा वचनहरू नबिर्सी र तिनीहरूलाई तर्किएर नजा ।

६. बुद्धिलाई नत्याग् र त्यसले तँलाई सुरक्षित राख्नेछ । त्यसलाई प्रेम गर् र त्यसले तँमाथि हेरचाह गर्नेछ ।

७. बुद्धि अति श्रेष्ठ हो, त्यसैले बुद्धि प्राप्त गर् । तँसँग भएका सबै कुराले मूल्यै चुकाउनुपरे पनि समझशक्ति प्राप्त गर् ।

८. त्यसलाई कदर गर् र त्यसले तँलाई उच्च पार्नेछ । त्यसलाई अँगाल् र त्यसले तँलाई आदर दिनेछ ।

९. त्यसले तेरो शिरमा अनुग्रहको माला पहिराइदिनेछ र महिमाको शिरपेच प्रदान गर्नेछ ।

१०. सुन्, हे मेरो छोरो, मैले भनेका कुरा ग्रहण गर् र तेरो जीवन दीर्घायु हुनेछ ।

# तेरो शोक आनन्दमा परिणत हुनेछ (भजनसंग्रह ३०:११)

YOUR MOURNING WILL TURN INTO JOY! (Psalm 30:11)

(मुख्य मण्डलीमा पास्टर एस. साम सेल्भाराजले दिनुभएको सन्देश)

कठिनाइको समयमा जब हामी परामर्शको निम्ति हाम्रा मित्रहरू वा डाक्टरहरूकहाँ जान्छौं, तिनीहरूले यस्तो भनेर हामीलाई सान्त्वना दिन सक्छन्, “चिन्ता नगर, हेरक कुरा ठीक हुनेछ । समयसँगै तिम्रा सबै समस्याहरू हराएर जानेछ ।” परमेश्वरका धेरै छोराछोरी शोक, पीडा र कष्टमा जिएका छन् । जब हाम्रा समस्याहरू वृद्धि हुन्छ, हामीले आशा गुमाउँछौं । जब परमेश्वरको अगुवाइको बारेमा हामी स्पष्ट हुँदैनौं, हामीले धेरै चिन्ता गर्छौं । अहिलेको निम्ति कोभिड १९ को प्रभावको कारण संसारका सबै मानिसहरू कष्टमा परेका छन् । कुनै पनि शोक, समस्या, रोगको दण्ड पीडादायी हुन्छ । जब हाम्रो जीवनमा भएका शोकले भएिको क्षणहरूलाई हामीले विचार गर्छौं, हामीले यस्तो कुरा सोच्छौं, “के यो कुरा परमेश्वरको ज्ञानबिना भएको हो ? के प्रभुले मेरा समस्याहरूलाई ध्यान नदिनुभएको हो ?” तर हामीले याद राख्नुपर्छ कि परमेश्वरको ज्ञानबिना हाम्रो जीवनमा केही पनि हुँदैन । जब हामी यस्ता पीडादायी अनुभवहरूबाट भएर गुज्रिन्छौं, परमेश्वरले शोक र समस्यालाई आनन्दमा परिणत गर्नुहुन्छ । त्यसैले, तपाईंको वर्तमान शोक निश्चिय नै आनन्दमा परिणत हुनेछ । नडराउनुहोस् । “...तर तिमीहरूका शोक आनन्दमा परिणत हुनेछ” (यूहन्ना १६:२०) ।

हामीले मत्ती ५:४ मा पढ्छौं, “धन्य शोक गर्नेहरू किनभने तिनीहरूले सान्त्वना पाउनेछन् ।” हामीले सोच्छौं कि आशिषित मानिसहरू भनेका यो संसारमा भएका सबै प्रकाका भौतिक सुविधाहरूमा आनन्द गर्नेहरू हुन् । तर परमप्रभुले भन्नुहुन्छ कि शोक गर्नेहरू आशिषित हुन्छन् । के यो अनौठो छैन र ? शोक गर्नेहरू आशिषित छन् भनेर जान्नुहुने परमप्रभुलाई राम्ररी थाहा छ कि शोक आनन्दमा परिणत हुनेछ । यो कुरामा सहमत हुन मानिसहरूका निम्ति अत्यन्तै कठिन छ ।

शान्त र निरास अवस्थामा भएको मनचाहिँ गहन शोकमा भएको कुनै व्यक्तिको अवस्था हो । शोकचाहिँ बेरोजगारी, रोग, पैसाको अभाव, काम गर्ने स्थानमा समस्याहरू वा परिवारमा समस्याहरू, भविष्यको बारेमा चिन्ताहरू, आदिले गर्दा हुन सक्छ । हाम्रा शोक जेसुकै भए पनि यस्ता कठिन समयहरूबाट भएर गुज्रने हामी सबै जना आशिषित छौं र हामीले सान्त्वना पाउनेछौं । यी कठिन अवस्थाहरू आनन्ददायी कुरामा परिणत हुनेछन् भनेर येशू ख्रीष्टले धेरै लामो समयअघि प्रतिज्ञा दिनुभएको भए पनि आज पनि यो उत्तिकै सान्दर्भिक छ । त्यसकारण, आनन्दित हुनुहोस् र रमाउनुहोस् । “यसकारण, परमेश्वरको शक्तिशाली बाहुलीमुनि तिमीहरू आफैंलाई विनम्र तुल्याओ र उहाँले उचित समयमा तिमीहरूलाई उच्च पार्नुहुनेछ” (१ पत्रुस ५:६) ।

बाँकी पृष्ठ ३ मा

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष

(ECHO GROUP)




# तपाईंको प्रिय भाइबाट....



"उहाँले तेरा साँध-सिमानामा शान्ति स्थापित गरिदिनुहुन्छ, उहाँले तँलाई असल गहुँले तृप्त पार्नुहुन्छ" (भजनसंग्रह १४७:१४) ।

**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

**CHIEF EDITOR**
Angeline Selvakumari Henry, M.A., M.Ed.

**MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.

**ADMINISTRATION**
Bro. N. Prakasam, M.A., General Manager

**EDITORIAL BOARD**
Sis. Jesy Veena Sam
Bro. M. Paulraj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.

**EDITOR, PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

**E.mail ID**
sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**
www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**
Echo of His Call

प्रभुमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदता येशू ख्रीष्टको अनमोल नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं ! हाम्रा प्रशंसा हाम्रो परमप्रभु परमेश्वरमा चढाउँछौं, जसले हामीलाई अहिलेसम्म अचम्म प्रकारले अगुवाइ गर्नुभएको छ ।

## बोलावटको प्रतिध्वनि पत्रिकाहरू

हाम्रो प्रभु येशू ख्रीष्टको अवर्णनीय कृपाद्वारा १६ वटा भाषाहरूमा 'बोलावटको प्रतिध्वनि' हाम्रो मासिक पत्रिका प्रकाशन गर्न उहाँले हामीलाई सक्षम बनाइरहनुभएको छ । यो सेवकाइको निम्ति प्रार्थना गर्ने र सहायता गर्ने तपाईं हरेकलाई परमेश्वरले प्रशस्त आशिष् दिनुहुनेछ । यी पत्रिकाहरूका कारण परमेश्वरको प्रेमद्वारा विभिन्न भाषाहरू बोल्ने मानिसहरूलाई छुनुभएको छ ।

## नहेम्याह आवासीय बाइबल कलेज (हिन्दी)

हामीलाई पुरुषहरूका निम्ति हाम्रो आवासीय बाइबल कलेज (हिन्दी भाषा) को निम्ति केही धेरै विद्यार्थीहरूको आवश्यक छ। कक्षाहरू ६ जून, २०२२ बाट सुरु हुनेछ। योग्य विद्यार्थीहरूका निम्ति छात्रवृत्तिको रूपमा शिक्षा, खाना र बसोबास निःशुल्क हामी प्रदान गर्छौं । कृपया यो सूचना प्रत्यक्ष वा पत्रहरू वा ह्वाट्सएपबाट आफ्ना साथीहरू र प्रार्थनाका साझेदारहरूलाई फैलाइदिनुहोस् । हामीले एकवर्षे प्रमाणपत्र कोर्सका साथै दुई वर्षे डिप्लोमा कोर्स प्रदान गर्छौं। हाम्रो नहेम्याह बाइबलल डिप्लोमा कलेजलाई एटिए (एसिया थियोलोजिक असोसिएसन) द्वारा सदस्यताको निम्ति दर्ता भएको निवेदकको स्तरको साथमा आशिषित भएको छ। यो संस्था विश्वव्यापी रूपमा बाइबलल कलेजहरूका निम्ति सम्बन्धन पाएको एजेन्सी भएको छ।

## नहेम्याह साँझको बाइबलल कलेज (तामिल)

हाम्रो साँझको बाइबलल कलेज (तामिल) पनि राम्ररी काम गरिरहेको छ। यो कलेज पनि ६ जून, २०२२ मा पुनःसुरु हुनेछ। हामीलाई दुवै पुरुष र महिला योग्य विद्यार्थीहरूको खाँचो छ। हामीले एकवर्षे प्रमाणपत्र कोर्सका साथै दुई वर्षे डिप्लोमा कोर्स प्रदान गर्छौं ।

## नहेम्याह बाइबलल कलेजको पुस्तकालय

परमेश्वरको अनुग्रहद्वारा हामीले बिस्तारै-बिस्तारै कम्प्यूटरमा नहेम्याह बाइबलल कलेजको पुस्तकालयमा भएका पुस्तकहरू अपलोड गर्दैछौं। हामीसँग ७,००० पुस्तकहरू छन्। उपयुक्त तरिकामा यी पुस्तकहरूलाई कम्प्यूटराइज्ड गर्न हामीसँग ठूलो काम र खर्च छ । यो कार्य हाम्रो क्षमताभन्दा बाहिर रहेकोजस्तो देखिन्छ। यो काम गर्नको निम्ति हाम्रो परमेश्वरले हामीलाई अझ धेरै रकम उपलब्ध गराउनुहुनेछ भनेर हामी विश्वास गर्छौं । मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ (फिलिप्पी ४:१९) ।

## नहेम्याह बाइबलल कलेजहरूको शैक्षिक सत्र २०२१-२०२२ को निम्ति दीक्षान्त समारोह

परमेश्वरको चाहना भयो भने हाम्रा कलेजहरूको शैक्षिक सत्र २०२१-२०२२ को दीक्षान्त समारोह ०३.०६.२०२२ (शुक्रवार) साँझ ५ बजे बालार कल्भी निलायाम, भेपेरी, पुरासावाल्काम, चेन्नाइ- ७ मा संचालन हुनेछ। हामी तपाईंको प्रार्थनाको आग्रह गर्छौं। त्यो दिन तपाईं चेन्नाइमा हुनुहुन्छ भने कृपया सहभागी हुनुहोस् ।

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) ◘ BIBLECOR - Postal Courses (3 languages) ◘ Online Courses ◘ Theological Correspondence Courses (2 languages) ◘ Church Planting ◘ Nehemiah Bible Colleges ◘ Gospel Printing Press ◘ Great Commission Partners ◘ St. Paul's Matriculation School ◘ Crusades ◘ Community Development

## सुसमाचारको साथमा उत्तर भारतमा प्रचार

उत्तर भारतमा बस्ने मानिसहरूलाई सहायता गर्ने, विभिन्न भाषाहरू बोल्ने मानिसहरूलाई सुसमाचार प्रदान गर्नु हाम्रो हृदयभित्रको चाहना र मिसन हो। हाम्रो नहेम्याह हिन्दी बाइबलल कलेजमा धेरै विद्यार्थीहरूलाई ल्याउनको निम्ति उडिसा प्रान्तमा भएका रायागाडा, पारालाखेमुन्डी र कन्दामालजस्ता स्थानहरूमा म सिधै जाने चाहना गरेको छु। मेरो निम्ति यो अत्यन्तै गाह्रो भए पनि म त्यहाँ जान चाहन्छु। हामीसँग केवल एउटै जीवन छ। येशू हाम्रो परमप्रभु परमेश्वरलाई त्यो जीवन देऔं।

## सेन्ट पावल मेट्रिकुलेसन स्कुल

सेन्ट पावल मेट्रिकुलेसन स्कुल राम्ररी संचालन भइरहेको छ। बच्चाहरूलाई तिनीहरूका घरबाट स्कुलमा ल्याउने र फेरि घरमा फर्काएर ल्याउन प्रयोग हुने मिनिबसलाई मर्मतको आवश्यकता छ। त्यो अहिले प्रयोग गर्न सक्ने अवस्थामा छैन। हामीले नयाँ सवारीसाधन किन्नुपर्ने आवश्यकता छ। कृपया नयाँ किन्न आवश्यक भएको पैसाको निम्ति प्रार्थना गरौं। परमेश्वरको इच्छा भयो भने यो स्कुल १३ जून, सोमवार पुनःसंचालन हुनेछ। परमेश्वरको अनुग्रहद्वारा यो स्कुलले तामिलनाडू सरकारबाट हाइ स्कुलको रूपमा कार्य गर्न सम्बन्धन प्राप्त गरेको छ। भारत सरकारले पनि यो स्कुललाई ख्रीष्टियान अल्पसंख्यक संस्थाको रूपमा स्तर दिएको छ।

**पत्राचार बाइबलल कोर्सहरू, सुसमाचारीय छापाखाना, मण्डलीहरू, आउटरीच बैठकहरू र सामाजिक सेवाहरूजस्ता हाम्रा अत्यन्तै महत्वपूर्ण सेवकाइहरूलाई तपाईंको प्रार्थनामा पनि कृपया सम्झिदिनुहोला।**

मेरो परिवार र म स्वस्थ छौं। कृपया हाम्रा सहकर्मी भाइ म्यानुअल एम पावलराज, पास्टर एम. मुथु र भाइ इलानगोभानलाई प्रार्थनामा सम्झिदिनुहोला किनकि उहाँहरू बिरामी हुनुहुन्छ।

परमेश्वरले तपाईंलाई धेरै आशिष् दिनुहुनेछ किनकि तपाईंले बोलावटको प्रतिध्वनि सेवकाइहरूलाई प्रेम गर्नुहुन्छ र आर्थिक रूपमा सहायता गर्नुहुन्छ। हामी तपाईंको निम्ति गम्भीर रूपमा प्रार्थना गर्छौं। यी सबै सेवकाइहरू परमेश्वरको राज्यको बिस्तारको चाहनाको साथमा मात्रै भएको छ भनेर पवित्र आत्माले तपाईंसँग बोल्नुहुन्छ भने कृपया तपाईंका भेटीहरू र सहायता हाम्रो सेवकाइमा पठाइदिनुहोला। परमेश्वरले निश्चय नै तपाईंलाई आशिष् दिनुहुनेछ।

परमेश्वरले हामीलाई धेरै कष्टहरू र समस्याहरूबाट कसरी छुटकारा दिनुभयो भन्ने बारेमा हामीसँग धेरै गवाहीहरू छन्, जुन हामीले खुल्लमखुल्ला व्याख्या गर्न सक्दैनौं। त्यसैले, हाम्रो निम्ति निरन्तर प्रार्थना गरिदिनुहोस्। परमेश्वरको अनुग्रह तपाईंसँग रहोस्।

*ख्रीष्ट येशूमा तपाईंका सेवकहरू*

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858,

E.mail : samselvaraj333@gmail.com

---

*पृष्ठ १ बाट*

हाम्रो कमजोरी र गरिबीका दिनमा जब हामीले परमप्रभुलाई हेर्छौं, परमप्रभु हामीसँग बोलिरहनुभएको छ भनेर हामीले सुन्न सुरु गर्छौं। कुनै शोकबिना जीवन जिइरहेकाहरूले परमप्रभुको आवाज सुन्दैनन्। जब हामीले निरुत्साह महसुस गर्छौं र शोकको अनुभव गर्छौं, हामीले परमप्रभुको आवाज सुन्न र उहाँको छुवाइ महसुस गर्न सक्छौं। जबकि, हाम्रो असल अवस्थाको समयमा परमप्रभुको आवाज सुन्नु अत्यन्तै दुर्लभ हुन्छ। त्यसकारण, परमप्रभुले भन्नुहुन्छ, "धन्य शोक गर्नेहरू।"

प्रेरित पावलले केही पीडादायी कुराको अनुभव गरे र तिनले आफ्नो शरीरबाट त्यो हटाइदिन परमेश्वरलाई प्रार्थना गरे। तर परमेश्वरले भन्नुभयो, "मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ" (२ कोरिन्थी १२:९)। पावल खुसी र सन्तुष्टि जीवन जिउन सक्थे। तर परमप्रभुको छुवाइ नभएको वा उहाँको आवाज नसुन्ने त्यस्तो जीवन तिनले चाहना गरेनन्। तिनले शोकको जीवन रोजे, जसले तिनलाई परमप्रभुको आवाज सुन्न अगुवाइ गर्न सक्थ्यो र तिनले त्यस्तो जीवनलाई आनन्ददायी र महिमित भनेर विचार गरे। तिनले भने, "सम्भव भए मरेकाहरूबाट म पुनरुत्थान प्राप्त गर्न सकूँ" (फिलिप्पी ३:११)। मोशाको बारेमा पवित्रशास्त्रले भन्दछ, "जवान भएपछि विश्वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन इन्कार गरे। पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे। मिश्रदेशको धनसम्पत्तिभन्दा ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान सम्पत्ति ठाने किनभने तिनले आफ्नो दृष्टि इनामतिर लाएका थिए" (हिब्रू ११:२४-२६)।

जब हामी गहन समस्यामा हुन्छौं, हामी त्यसबाट बाहिर निस्कने चाहना गर्छौं। तर त्यस्तो अवस्थामा हामीले आफ्नो शक्तिमा निर्भर हुनुको साटो हामी परमेश्वरमा मात्रै झुक्छौं भने निश्चय पनि हामीले प्रभुको छुवाइ महसुस गर्न सक्छौं। हामीले त्यसलाई स्याहार र धैर्यताको साथमा सम्हाल्न सक्छौं भने हामी ठूलो परिवर्तन र आशिष्‌को साथमा निश्चय नै वरदान पाएका व्यक्ति बन्न सक्छौं। भजनसंग्रहका लेखक दाऊद जब दुष्टबाट घेरिएका हुन्थे, तिनी मण्डलीमा परमप्रभुको उपस्थितिमा जान्थे र उहाँको अघि बिन्ती गर्थे। मण्डलीमा परमप्रभुको उपस्थिति तिनले सधैं खोज्थे र जब तिनले जहिले पनि आफूले गल्ती गरेको वा आफैंलाई ठूलो समस्यामा परेको पाउँथे, तिनी स्थिर रहन्थे। परमप्रभुले तिनलाई सबै समस्याहरूबाट छुटकारा दिनुभएको थियो। परमप्रभुले तिनलाई आशिष् दिनुभयो, सान्त्वना दिनुभयो र तिनका सबै शोकहरूलाई आनन्दमा परिणत गर्नुभयो। परमेश्वरका प्रिय बालकहरू, के तपाईं कठिनाइको मार्गमा हिँडिरहनुभएको छ? तपाईंका समस्याहरूबाट बाहिर निस्कन परमेश्वरभन्दा बाहिरका मार्गहरूमा नहेर्नुहोस्। त्यस्ता मार्गहरूलाई नपछ्याउनुहोस्। सांसारिक मार्गहरू पछ्याउँदाको परिणामले तपाईंलाई ठूलो खतराहरू, समस्याहरू र असफलताहरूमा पुर्‍याउनेछ। कृपया यो कुरा ध्यान दिनुहोस् किनकि तपाईंका सारा परिवार, आर्थिक अवस्था, पद, पहिचान र अत्यन्तै महत्वपूर्ण तपाईंको सेवकाइभन्दा पनि प्रभुमा तपाईंले विश्वास र भरोसा राख्न सक्नुहुन्छ भने पवित्र आत्माको आवाजले तपाईंलाई भन्दछ कि उहाँले तपाईंका सबै चाहनाहरू पूरा गर्नुहुनेछ। त्यसैले ध्यानसाथ सुन्नुहोस्। यो उद्देश्यको निम्ति सबैभन्दा छानिएको स्थान तपाईंको मण्डली मात्रै हो। कृपया आफ्नो मण्डली र पास्टरलाई आदर गर्नुहोस्। बृहत् रूपमा ठूलो

आशिष् र ठूलो आनन्द तपाईंको मण्डलीभित्र बेरेर राखिएका छन् । "कति जनाको संगतिमा नजाने बानी हुन्छ तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं । तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन प्रोत्साहन देओ" (हिब्रू १०:२५) ।

## १. शोकले प्राणलाई पगाल्छ

"शोकले गर्दा मेरो प्राण पग्लन्छ, तपाईंको वचनअनुसार मलाई बलियो तुल्याउनुहोस्" ( भजनसंग्रह ११९:२८) ।

कुनै पनि व्यक्तिले आफ्नो निरासाको कारण आफ्नो उचाइ सधैं बढाउन वा घटाउन सक्दैन । त्यसरी नै व्यावहारिक रूपमा हामीले कष्टको समयमा चिन्तालाई रोक्न सक्दैनौं ।

दाऊदले असंख्य समस्याहरू सामना गरे- सबैभन्दा पहिले आफ्नो ससुरा राजा शाऊल, त्यसपछि आफ्नो छोरा अब्शालोम र धेरै पटक मानिसहरू र अन्य देशका राजाहरूबाट । तर तिनलाई बोलाउनुहुने तिनको परमेश्वरतिर झुकेको कारण परमेश्वरले तिनका सबै कष्टहरू र समस्याहरूलाई ठूलो आनन्दमा परिणत गर्नुभयो ।

हामीमध्ये धेरै जना यस्ता कठिन समयबाट भएर गुज्रेका छौं । केही व्यक्तिको हृदय तोडिएको छ र आत्महत्या गर्ने प्रयास गर्छन् । हामी स्पष्ट रूपमा सल्लाह लिन मानिसतिर फर्कन्छौं भने तिनीहरूले हामीलाई छल गर्न सक्छन् । केहीले हामीलाई गलत मार्गमा डोऱ्याउन सक्छन् । चिन्ता र आँसुको बीचमा हामी पूर्णरूपमा परमप्रभुमा निर्भर हुन्छौं र उहाँमा विश्वास राख्छौं भने कष्टबाट बाहिर निस्कन उहाँले निश्चय नै र बिना कुनै शर्त हामीलाई डोऱ्याउनुहुन्छ र अचम्म तरिकाले हामीलाई सान्त्वना दिनुहुनेछ । "तपाईं गरिबहरूका निम्ति र दुःखमा परेका दरिद्रहरूका निम्ति एउटा शरण हुनुभएको छ, आँधीबेहरीमा शरण र घाममा छाया हुनुभएको छ किनकि निष्ठुरहरूको झोंक पर्खालमा ठोकिएको आँधीझैं हो" (यशैया २५:४) ।

जब समस्याहरू वृद्धि हुन्छ, हामीले बाइबल ठूलो सोरमा पढ्न धेरै समय बिताउनुपर्छ । हामीले परमेश्वरबाट अचम्मको छुटकारा आशा गर्नु र विश्वास गर्नुपर्छ । हामीजस्तै कष्टबाट गुज्रिएका आफ्ना छोराछोरीलाई उहाँले छुटाउनुभएझैं । तपाईंले आफ्नो जीवनमा आशा गर्नुभएको थोकभन्दा परमेश्वरले निश्चय नै महान् थोकहरू गर्नुहुनेछ । यो सन्देश प्रचार गर्ने म परमेश्वरमा मात्रै निर्भर हुन्छु र मेरा विभिन्न समस्याहरूको समयमा उहाँका भनाइहरू ठूलो सोरमा पढेर र परमप्रभुमा पूर्णरूपमा निर्भर हुँदै पूर्ण विश्वासमा ती कुरा मनन गर्छु । मेरो बाइबलमा मैले केही पदहरूमा मितिको चिन्ह लगाएको छु, जसमा मैले परमेश्वरको आवाज सुनेको थिएँ र अविश्वसनीय महान् विजयहरू प्राप्त गरेको थिएँ । तपाईंले पनि सोही काम गर्नुहुन्छ भने विजय निश्चित छ ।

## २. आँखाहरू धमिला हुन्छन्

"शोकले मेरा आँखा धमिला हुन्छन् । हे पमप्रभु, म दिनहुँ तपाईंलाई पुकार गर्दछु, म मेरा हात तपाईंतिर पसार्छु" (भजनसंग्रह ८८:९) ।

भजनसंग्रहका लेखकले भन्दछन् कि शोकले गर्दा तिनको आँखा धमिला हुन्छन् । कोही व्यक्ति अत्यन्तै निरास छ भने त्यो व्यक्तिले आफ्नो दृष्टि परिवर्तन भएको महसुस गर्न सक्छ । निरासाले कुनै पनि व्यक्तिलाई बेहोस बनाउँछ, सोच्ने क्षमता कम गर्छ, निद्रा नलाग्ने हुन्छ, बिर्सने हुन्छ र कुनै पनि व्यक्तिलाई भविष्यको बारेमा सबै आशा गुमेको बनाउँछ । हामीले प्राप्त गर्ने अरूबाटको सहायता पनि कम हुन्छ । हामी यो कुराबाट कसरी बाहिर निस्कन सक्छौं ? निरासालाई स्थान नदिई हामीले दुई वटा कुरा गर्न सक्छौं:

१) हामीले प्रार्थनामा हाम्रो वास्तविक अवस्थाको बारेमा परमेश्वरलाई भन्न सक्छौं । "मैले आफ्नो आचरण तपाईंलाई खुलस्त गरिदिएँ र तपाईंले जवाफ दिनुभयो । मलाई तपाईंका विधिहरू सिकाउनुहोस्" (भजनसंग्रह ११९:२६) । परमेश्वरसँग समय बिताउँदा र उहाँसँग कुराकानी गर्नाले महान् विजय आउनेछ । तर यी दिनहरूमा मानिसहरूले धेरै समय आफ्नै कुराहरू र थोकहरूमा बिताइरहेका छन् र प्रार्थनामा परमेश्वरसँग कुराकानी नगरि सांसारिक फाइदाहरू, मनोरञ्जन र टेलिभिजनका शोहरूमा मन दिइरहेका छन् ।

आजका ख्रीष्टियान टेलिभिजन प्रचारकहरूले धेरै आत्मिक विश्वासीहरूलाई अल्छी र स्थिर व्यक्तिमा परिवर्तन गरेको छ । तिनीहरूले धेरै प्रार्थना गर्ने विश्वासीहरूलाई प्रार्थना नगर्ने, बाइबलल धेरै अध्ययन गर्ने विश्वासीहरूलाई बाइबलल पढ्न अनिच्छा गर्ने बनाएका छन् । यो परम्परागत बानी बनेको छ । तर तपाईंले केही समयको निम्ति ख्रीष्टियान कार्यक्रमहरू हेर्न सक्नुहुन्छ, त्यसपछि त्यसलाई बन्द गर्नुहोस्, प्रार्थनामा, बाइबलल पढ्न र मनन गर्न समय लिनुहोस् । तपाईं निश्चय नै विजयी बन्नुहुनेछ । तपाईंले बिहान पाँच बजेदेखि लामो समयको निम्ति टेलिभिजनका कार्यक्रमहरू हेरेर आफ्नो सारा समय बिताउनुहुन्छ भने तपाईंले निश्चय नै असफलता प्राप्त गर्नुहुनेछ । किनभने, यी कार्यक्रममा भएका अनैतिक सिद्धान्तहरू र

....Contd. to page 6

NEHEMIAH BIBLE
RESIDENTIAL / EVENING COLLEGE,
Velachery / Chepauk & Santhoshapuram, Chennai.
Medium : Hindi / Tamil
Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 53 years
Certificate in Theology : One year
Diploma in Theology : Two years
Qualification : 10th Standard & above
Rush for admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
✶ ONLINE CLASSES ARE AVAILABLE ✶

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1989

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### प्रशंसाको निम्ति बुँदाहरू

**जून १९:** हाम्रो प्रभुले हाम्रा सहसम्पादक भाइ म्यानुअल एम. पावलराज र उहाँका परिवारका सदस्यहरूलाई सबै दुष्ट शक्तिहरूबाट बचाइरहनुभएको छ ।

**जून २०:** विगतको महिनामा हाम्रो सेवकाइको यात्रामा आशिष् दिनुभएको निम्ति परमप्रभुलाई प्रशंसा होस् ।

**जून २१:** हाम्रा सहयोगीहरूका प्रार्थना र सहायताको निम्ति परमेश्वरको प्रशंसा गरौं ।

**जून २२:** विगतको महिनामा हाम्रो बोलावटको प्रतिध्वनि सेवकाइका सबै क्रियाकलापहरूमा परमेश्वरले आशिष् दिनुभयो ।

**जून २३:** सुसमाचारको साथमा उत्तर भारतमा भएका सुसमाचार नपुगेका क्षेत्रहरूमा प्रवेश गर्न परमेश्वरले हामीलाई अनुग्रहपूर्वक सहायता गर्नुभयो ।

**जून २४:** हाम्रो **हिन्दी थियोलोजिकल कोर्समा** आफ्नो प्रशस्त कृपा खन्याउनुभएको निम्ति परमप्रभुलाई प्रशंसा गरौं ।

**जून २५:** परमेश्वरले हाम्रो मुख्य र शाखा मण्डलीमा नयाँ विश्वासीहरूका साथमा आशिष् दिनुभयो ।

**जून २६:** हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

**जून २७:** हाम्रो मिसनको क्षेत्रहरूबाट हामीले असल प्रतिवेदनहरू प्राप्त गरेका छौं ।

**जून २८:** हालसम्म संस्था संचालन गर्न हाम्रा प्रयासहरू फलदायी बनाउनुभएको निम्ति परमप्रभुको प्रशंसा गरौं ।

**जून २९:** हाम्रो आइतवारको सेवा र अन्य आराधनाका सेवाहरूमा परमप्रभुको अनुग्रहपूर्ण कृपाको निम्ति उहाँको प्रशंसा गरौं ।

**जून ३०:** हाम्रो मुख्य मण्डलीमा हाम्रो दिदीबहिनी संगतिमा परमेश्वरले आशिष् दिनुभयो ।

**जूलाइ १:** १९८९ देखि पत्रिका सेवकाइमा हाम्रो समर्पणतामा परमेश्वरको आशिषको निम्ति उहाँलाई धन्यवाद ।

**जूलाइ २:** हाम्रो मुख्य मण्डलीमा हाम्रो पुरुष संगतिमा परमेश्वरले आशिष् दिनुभयो ।

**जूलाइ ३:** परमेश्वरले हाम्रो १६ वटा भाषाका प्रकाशनमा आशिष् दिनुभयो, जुन हाम्रो छापाखानामा छापिएका छन् र मिसन क्षेत्रहरूमा पठाइएका छन् ।

### प्रार्थनाको निम्ति बुँदाहरू

**जूलाइ ४:** हाम्रो अंग्रेजी सहसम्पादक भाइ म्यानुअल पावलराजको पूर्ण चङ्गाइको निम्ति निरन्तर प्रार्थना गरिदिनुहोला ।

**जूलाइ ५:** हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूमा** परमेश्वर समर्पित सेवकहरू दिनुभएको होस् ।

**जूलाइ ६:** परमेश्वरले हाम्रा संयोजकहरू र पास्टरहरूलाई नयाँ सामर्थ्य दिनुभएको होस् ।

**जूलाइ ७:** संसारका सबै आत्मिक अगुवाहरूका निम्ति प्रार्थना गरौं ।

**जूलाइ ८:** संसारका सबै देशहरूका मानिसहरूमाथि परमेश्वरले आशिष् खन्याउनुभएको होस् भनेर प्रार्थना गरौं ।

**जूलाइ ९:** हाम्रो सिनियर पास्टरको जीवनी लेखनमाथि सर्वशक्तिमानको उदार अनुमति र अगुवाइको निम्ति उहाँमा प्रार्थना गरौं ।

**जूलाइ १०:** हाम्रो प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र तिनीहरूका परिवारका सदस्यहरूका निम्ति प्रार्थना गरौं ।

**जूलाइ ११:** यो महिनामा **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** निम्ति आवश्यक रकम परमेश्वरले उपलब्ध गराउनुभएको होस् ।

**जूलाइ १२:** हाम्रो मिसन क्षेत्रमा भएका सेवकहरूका निम्ति प्रार्थना गरौं ।

**जूलाइ १३:** हाम्रा सेवकाइका बैठकहरू र संस्थाका सबै क्रियाकलापहरूमा प्रभुको कृपालु अनुमतिको निम्ति प्रार्थना गरौं ।

**जूलाइ १४:** हाम्रा सेवकाइका आर्थिक आवश्यकताको निम्ति प्रार्थना गरौ ।

**जूलाइ १५:** संसारका सबै देशहरूबाट कोरोना भाइरसको उन्मूलनको निम्ति प्रार्थना गरौं ।

**जूलाइ १६:** महिला तथा बालिबालिकाको विरुद्ध हुने हिंसा उन्मूलनको निम्ति प्रार्थना गरौं ।

**जूलाइ १७:** सबै ख्रीष्टियान संस्थाहरूका निम्ति प्रार्थना गरौं ।

**जूलाइ १८:** परमेश्वरले हाम्रा सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूलाई सबै प्रकारका दुष्ट शक्तिहरूबाट निरन्तर बचाउनुभएको होस् ।

....Contd. from page 4

जानकारीहरूका कारण धेरै निर्दोष मानिसहरू छलिएका छन् र अन्योलताको भँवरमा गलत रूपमा लगिएका छन्। आत्माको मुक्तिको साटो हरेक प्रचरकको गलत छुटकाराले तिनीहरूका आफ्नै इच्छालाई कायम राख्छ। यो पनि आधुनिक विपत्तिको प्रमाण हो। जीविकोपार्जनलाई बचाउन तपाईंले आफ्नो विश्वास अगाडि निश्चय नै राख्नुहुन्छ भनेर आशा गर्दछौं।

२. तपाईंले आफ्नो हात परमेश्वरतिर पर्सानुपर्छ। यसको अर्थ तपाईंको ध्यान र भरोसा परमेश्वरमा मात्रै छ। तपाईंका सारा विचार र कार्यहरूले परमेश्वरलाई प्रसन्न पार्नुपर्छ। तपाईंले निरन्तर अरूलाई समस्या दिनुहुन्छ र छल गर्नुहुन्छ भने लामो समयसम्म प्रार्थना गर्नु र धेरै दिनसम्म उपवास राख्नु केही उपयोगी हुँदैन। परमेश्वरको वचन नसुन्ने व्यक्तिको प्रार्थना घृणित हुन्छ। "कसैले व्यवस्थाप्रति आफ्नो कान बन्द गर्छ भने त्यसका प्रार्थनाहरूसमेत घृणित हुन्छन्" (हितोपदेश २८:९)। "दुष्ट मानिसको बलिदान परमप्रभुको दृष्टिमा घृणित हुन्छ तर इमानसँग चल्नेको प्रार्थनादेखि उहाँ प्रसन्न हुनुहुन्छ। दुष्ट मानिसको मार्ग परमप्रभुको दृष्टिमा घृणित हुन्छ तर धार्मिकताको पछि लाग्नेहरूलाई उहाँ प्रेम गर्नुहुन्छ" (हितोपदेश १५:८,९)।

आज, तपाईंको ध्यान कहाँ छ? तपाईंले कसबाट सहायताको आशा गर्नुभएको छ? तपाईंले कुन मार्गको खोजी गर्नुभएको छ?

## ✤ ३. आत्मा तोडिएको हुन्छ ✤

"आनन्दित हृदयले अनुहार प्रसन्न पार्छ तर हृदयको पीरले आत्मालाई आघात पुऱ्याउँछ" (हितोपदेश १५:१३)। "प्रसन्न हृदय असल औषधी हो तर पेलिएको आत्माले हड्डी सुकाउँछ" (हितोपदेश १७:२२)।

फलाम, तामा वा आलुमिनियमले बनेका कुनै पनि थोकहरू भाँचिएको छ भनेर फेरि मिलाएर टाँस्न सकिन्छ। तर हाम्रो हृदयमा लुकेको आत्मा तोडिएको छ भने कुनै पनि अनुभवी डाक्टर वा मनोवैज्ञानिकले त्यसलाई सुधार गर्न सक्दैन। यो संसारमा हामीले सामना गर्ने असफलताहरू, आर्थिक अन्योलता, रोग र पारिवारिक समस्याहरू हाम्रा हृदय तोड्ने कारणहरू हुन्। यी बाधाहरूमाथि विजय गर्ने एउट मात्रै मार्ग छ र त्योचाहिँ प्रभुकहाँ जानु हो। "जब तिनीहरूले मलाई भने, परमप्रभुको भवनमा हामी जाऔं, तब म आनन्दित भएँ" (भजनसंग्रह १२२:१)।

प्रभुलाई साँचो रूपले प्रशंसा गर्ने र आराधना गर्ने मानिसहरूसँगै जानु अत्यन्तै महत्वपूर्ण छ। तपाईं पवित्र आत्माले भरिनु र आफ्ना हातले ताली बजाउँदै, आफ्ना हात माथि उचाल्दै, निरन्तर घुँडा टेकेर साथै मण्डलीमा आनन्दपूर्वक गर्नु जरुरी छ, जहाँ परमप्रभुलाई आत्मा र सत्यतामा आराधना गरिएको हुन्छ। त्यसपछि तपाईं आनन्द र खुसीले भरिनुहुनेछ, तपाईंका रोग निको हुनेछ,

तपाईंको विरुद्धमा गरिएका सबै तन्त्रमन्त्रका कुराहरू शक्तिहीन बन्ने छ र तपाईंले सबै बन्धनहरूबाट स्थायी रूपमा छुटकारा पाउनुहुनेछ। हामीले यस्तो प्रकारको आराधना हाम्रो बोलावटको प्रतिध्वनि बहुभाषिक मण्डलीमा अनुभव गर्छौं। कस्तो आनन्द! हामी कति आनन्दित छौं! हामीले कस्तो शान्तिमा आनन्द गरेका छौं! प्रिय पास्टरहरू, तपाईंका मण्डलीका सहस्यहरूलाई त्यस्तै प्रकारको आराधनामा अगुवाइ गर्नुहोस् र तिनीहरूका बन्धनहरूबाट छुटकारा पाउन तिनीहरूलाई सहायता गर्नुहोस्। प्रिय पाठकहरू, आफ्नो मण्डलीलाई महत्व दिनुहोस्। त्यसपछि, तपाईं आफ्नो मण्डलीको पूर्णताबाट आशिषित हुनुहुनेछ। "प्रभुमा सधैं आनन्द गर। म फेरि पनि भन्दछु आनन्द गर" (फिलिप्पी ४:४)। मण्डली मात्र! मात्रै मण्डली! मण्डली मात्रै त्यस्तो स्थान हो, जहाँ परमप्रभुले आशाहीनलाई आशा र बेखुसीलाई आनन्द दिनुहुन्छ। हरेक आइतवार र अन्य बैठकहरूमा तपाईंको मण्डलीमा परमप्रभुको आराधना गर्नुहोस्। "तिनीहरू परमप्रभुको भवनमा रोपिएका हुन्छन्, हाम्रा परमेश्वरका चोकहरूमा तिनीहरू मौलाउँछन्" (भजनसंग्रह ९२:१३)।

## ✤ ४. यसले कमजोर बनाउँछ ✤

"चिन्तित हृदयले मानिसलाई कमजोर तुल्याउँछ तर दयालु वचनले त्यसलाई हर्षित तुल्याउँछ" (हितोपदेश १२:२५)।

वास्तवमा हृदयको खुम्च्याइले निरासा हुन्छ, त्यसले हृदयलाई सामान्य रूपमा काम गर्नबाट रोक्छ। जब मानिसहरू निरास हुन्छन्, तिनीहरूले स्वतन्त्रपूर्वक सोच्न सक्दैनन्। केही समस्याहरूका कारण हाम्रो मनमा भएका परिवर्तनहरूले हामीलाई अत्यन्तै गम्भीर निर्णय गर्नेतिर लैजान्छ। केही मानिसहरू आफ्नो घरबाट निस्कन्छन् र त्यस्तो स्थानको खोजी गर्छन्, जहाँ तिनीहरूले केही शान्ति पाउन सक्छन्। केही मानिसहरूले आफ्ना समस्याहरू धेरै तरिकाहरूमा समाधान गर्ने कोसिस गर्छन् र जब तिनीहरू असफल हुन्छन्, तिनीहरू गम्भीर कदमहरूतिर जान्छन्। त्यसलाई भन्नुपर्दा गोप्य कुराजस्तै येशू ख्रीष्टको मार्गमा जीवन जिउने कुनै पनि मानिसहरूले आत्महत्या गर्ने बारेमा सोच्दैनन्। यो वास्तविक कुरा हो! अचम्मको कुरा छ‼ अन्य धार्मिक धारणाहरूभन्दा माथि ख्रीष्टियान विश्वासको ठोस मार्ग यहाँ खडा हुन्छ!

दाऊदले विभिन्न समस्याहरूको सामना गर्नुपरे पनि परमप्रभुमा तिनको बलियो विश्वास थियो। "...दाऊद ठूलो निरासामा थिए... दाऊदले परमप्रभु आफ्ना परमेश्वरबाट बल पाए" (१ शमूएल ३०:६)।

## ✤ ५. दाऊदका दैनिक अनुभवहरू ✤

"हे परमेश्वर, ममाथि कृपा गर्नुहोस् किनकि मानिसहरूले मेरो अति खेदो गर्छन्। दिनभरि तिनीहरूले ममाथि आक्रमण गर्छन्" (भजनसंग्रह ५६:१)।

**कष्टहरू र समस्याहरू ३ भिन्न तरिकाहरूमा आउँछः**

१. हाम्रा विचारहरूका कारण

२. हाम्रो जीवनमा हामीले लिने गलत निर्णयहरूका कारण

३. दुष्ट आत्माको प्रभावको कारण। मानिसहरूको डाह र दिक्कपना सक्रिय छ।

### मानिसहरूको भयः

कहिलेकाहीँ हामीले आफूमा आत्मविश्वास गुमाउँछौं र मनको यो अवस्थाको कारण हामी अत्यन्तै खतरनाक अवस्थामा पुग्छौं। यस्तो अवस्थाको अधीनमा दाऊदले भन्छन्, "मानिसहरूले मलाई निलेका छन्।" भय र शंकाले कुनै पनि शक्तिशाली मानिसहरूलाई उपयोगहीन बनाउनेछ। यस विचारमा कुनै परिवर्तन छैन।

जब दाऊद शत्रुहरूबाट घेरिएका थिए, उनी अरूबाट हुन सक्ने आक्रमण र सधैं आउन लागेको धम्कीको भयमा हुन्थे। त्यसका अतिरिक्त उनी आफ्ना आफन्तहरूबाट खतरामा परेको भयले भरिएको आत्माबाट नराम्ररी दबिएका थिए।

"त्रास र थरहरीले मलाई पक्रे र मेरा हाडहरूलाई कमायो। एउटा आत्मा मेरो छेउ भएर गयो र मेरो शरीरको रौं खडा भयो" (हितोपदेश ४:१४,१५)। भय छ, जसलाई पवित्रशास्त्रले निरन्तर निषेध गर्छ। यो गम्भीर छ भन्ने कुरामा अचम्ममा नपर्नुहोस् कि बाइबलले डराउनेहरूलाई त्यस्तो मानिसहरूको सूचीमा पहिलो स्थानमा राख्छ, जो अग्नीकुण्डमा तिनीहरूका भाग हुन्छ। "तर

डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू, हत्याराहरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू र झुटा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ। यो दोस्रो मृत्यु हो" (प्रकाश २१:८)। यसमा ध्यान नदिने हो भने यो हाम्रो अनन्तमा आँसु हुन सक्छ। परमेश्वरको वचनको दुईधारे तरवारको सहायताले मात्रै यो भयलाई देखाउन र हाम्रो जीवनबाट उन्मूलन गर्न सक्छ।

सबैभन्दा पहिले, हामीले सही रूपमा भयलाई पहिचान गर्नु जरुरी छ। यो अन्धकारको आत्मा हो। "किनभने परमेश्वरले हामीलाई डरको आत्मा होइन तर शक्ति प्रेम र आत्मसंयमको आत्मा दिनुभएको छ" (२ तिमोथी १:७)। यो नरकको उत्पत्ति हो र यसले परमेश्वरसँग केही सम्बन्ध राख्दैन। वास्तवमा, यसको उपस्थितिले मानिसलाई परमेश्वरबाट टाढा राख्छ। केही मानिसहरूले भयलाई चरित्र, पाएको स्वभाव वा सामान्य बानीको रूपमा विचार गर्छन्। भयलाई हल्का रूपमा लिँदा कुनै गम्भीर आत्मिक मूर्खता हुन सक्दैन। वास्तवमा, यसले एउटा अणुलाई आणविक बलमा परिणत गर्छ र तपाईंको जीवनमा विपत्ति ल्याउँछ। यो दुष्टबाट आएको हो। त्यसकारण, त्यसको विरोध गर्नुहोस्। आज भयलाई सहनु भनेको सिंहको बच्चालाई हुर्काउनुजस्तै हो। त्यसले कुनै दिन तपाईंमाथि आक्रमण गर्नेछ र तपाईंलाई शिकार बनाउनेछ। आज तपाईंको जीवनबाट त्यो दुष्ट आत्मा नष्ट गर्न तयार हुनुहोस्!

परमेश्वरको वचनले भयको आत्माको बारेमा के भन्दछ भनेर जानेर अहिले नै त्यसको विरुद्धमा आक्रामक स्थान लिनुहोस् र त्यसलाई निकाल्नुहोस्। शत्रुको विरुद्धमा विश्वासीको हातमा भएको विनाशकारी हतियार भनेको येशूको रगत हो। तपाईंले यसलाई हरेक पटक प्रयोग गर्दा शत्रु आफ्नो मार्गमा शिथिल हुन्छ। दुष्टलाई तर्साऔं। हाम्रो जीवनको अत्यन्तै साधारण पक्ष पनि येशूको रगतबाट छोपिएको हुनुपर्छ। त्यस्तो गर्दा मात्रै दुष्ट आत्मा नष्ट हुन्छन्।

"मलाई तर्साउने त्रासहरूले मलाई समातेका छन्, जे-जेदेखि म डराउँछु, ती ममाथि आइपरेका छन्" (अय्यूब ३:२५)।

दियाबलसले कमजोर महसुस गर्ने समय भनेको त्यो प्रकट हुन्छ किनभने त्यसले आफ्नो वास्तविक तस्वीर एक पटक पनि देखाएको छैन, जबसम्म त्यो नरकमा जानेछ। हाम्रो जीवनबाट दुष्ट आत्मालाई निकाल्नलाई हाम्रो एक मात्र मुक्तिदाता येशू ख्रीष्टको रगतलाई पक्रिरहनु र उहाँको विश्वासमा स्थिर रहनु हो। त्यो छलको पिता हो, जो मुकुण्डो लगाएर यताउता हिँडिरहन्छ। २ कोरिन्थी २:११ मा भनिएको वचनको निम्ति परमेश्वरलाई धन्यवाद: "ताकि शैतानले हामीलाई फसाउन नपाओस् किनकि त्यसका युक्तिहरूका विषयमा हामी अजान छैनौं।" जब दियाबलससँग सामना गरिन्छ, हामी त्यसको छलको बारेमा निश्चय नै जानकार हुनुपर्छ, जुन अत्यन्तै स्पष्ट हुन्छ।

## ढोके

ढोकेको काम भनेको आफ्नो मालिकभन्दा अघि जानु र तिनी भित्र आउनको निम्ति ढोका खोल्नु हो। भयचाहिँ शैतानको ढोके हो। दियाबलसले ठूलो कुरा पूरा गर्न लागेको छ भने त्यसको निम्ति भय अत्यन्तै आवश्यक छ। शैतानको सबै सहयोगीहरूमध्ये भयचाहिँ त्यसको नजिकको सहयोगी हो। दियाबलस अघि बढ्नुअघि भयको आत्मासँग अघि बढ्नुभन्दा सबैभन्दा पहिले त्यससँगको परामर्शमा आफ्ना सबै योजनाहरू प्रदान गर्छ। भय दुष्ट आत्मा हो, जुनचाहिँ परमेश्वरको मुख्य शत्रुको रूपमा शैतानले आफ्ना बिऊहरू माटोमा रोप्ने समयमा अघि जान्छ। भयले शैतानको क्रियाकलापको निम्ति वातावरण, उपस्थिति, माध्यम र आवरण निर्माण गर्छ। हामीले यो कुरा अय्यूबको तस्वीमा पाउँछौं: ... मैले भय मानेको कुरा मकहाँ आएको छ, जसरी विश्वासले परमेश्वरका नदेखिएका आशिष् प्राकृतिक संसारको राज्यमा ल्याउँछ, भयले पनि देखिने संसारमा शैतानिक नदेखिएका कुराहरू ल्याउँछ। दियाबलसले "पुल" को रूपमा आफ्ना सबै दुष्ट कुराहरू ओसारपसार गर्न र व्यक्तिको जीवनमा विनाश ल्याउन भय प्रयोग गर्छ।

दियाबलसले आफ्नो मार्ग बनाउने एउटा तरिकाचाहिँ विचार हालिदिएर हुन्छ। भयपूर्ण विचारहरूलाई सधैं विरोध गर्नुहोस्, इन्कार गर्नुहोस् र धपाउनुहोस्। त्यसलाई कहिल्यै स्वीकार नगर्नुहोस्। येशूको नाउँमा पवित्रताले भरिएको तपाईंको जीवनको ढाँचाबाट भयको यो आत्मालाई निकाल्नुहोस्। भय घोषणा नभएको होस् भनेर निश्चित हुनुहोस्। भयको घोषणा गर्नु भनेको त्यसलाई बढावा दिनु हो।

## बङ्ग्याइएका वचनहरू

"दिनभरि तिनीहरूले मेरा कुराहरूको उल्टो अर्थ लाउँछन्। तिनीहरूले सधैं मेरो हानिको लागि षड्यन्त्र रच्छन्" (भजनसंग्रह ५६:५)।

हामीमध्ये धेरैको निम्ति बाधाहरू विभिन्न तरिकाहरूमा आउँछन्। हाम्रो काम गर्ने स्थानमा हामीले नभनेका केही कुराको निम्ति हामीलाई दोष लगाइएको हुन सक्छ। दाऊदले पनि आफ्ना शब्दहरू बङ्ग्याइएका कुराको अनुभव गरेका र दोषी पाइएको महसुस गरेका थिए। यो एक दिन मात्रै भएको थिएन तर त्यो दैनिक रूपमा भएको थियो।

हाम्रो दैनिक जीवनमा यस्ता अनपेक्षित अवस्थाहरू आए पनि हामीले कहिल्यै पनि भुल्नुहुँदैन कि यी सबै दुष्ट कुराहरूलाई भलाइमा परिवर्तन गर्न सक्नुहुने हाम्रो परमेश्वर सधैं हाम्रो साथमा हुनुहुन्छ। हामीले भजनसंग्रह ३४:१९ मा पढ्छौं, "धार्मिक मानिसलाई धेरै विपत्ति आइलाग्छन् तर परमप्रभुले त्यसलाई ती सबैबाट उद्धार दिनुहुन्छ।" जब हामी कठिन समयबाट गुज्रिन्छौं, त्यही नै हाम्रो जीवनको अन्त्य हो भनेर हामीले सोच्नुहुँदैन। धार्मिक मानिसले धेरै दुष्ट कुराको सामना गर्छ तर परमेश्वरले हरेक अवस्थाबाट उसलाई छुटाउनुहुनेछ र उसलाई खुसीसाथ जिउन दिनुहुन्छ भन्ने कुरा हामीले बुझ्नुपर्छ। तर के तपाईं धार्मिक मानिस हुनुहुन्छ? के प्रभु येशू ख्रीष्टबाट तपाईंका पाप क्षमा भएका छन्? पूर्णरूपमा इमानदारीतामा रहेर बिना पाप के तपाईं जीवन जिइरहनुभएको छ? यी सबै कुरा महत्वपूर्ण छ।

प्रार्थनाअनुसार, "जति दिन तपाईंले हामीलाई कष्ट दिनुभयो र जति वर्ष दुःख भोग्यौं, त्यत्ति दिन हामीलाई आनन्दित तुल्याउनुहोस्" (भजनसंग्रह ९०:१५)। हामीले गुमाएका सबै कुराहरूको क्षतिपूर्ति दिन र हामीलाई दीर्घ जीवन र आनन्दको साथमा आशिष् दिन परमेश्वर शक्तिशाली हुनुहुन्छ। जब तपाईं धर्मी भएर कष्ट भोग्नुहुन्छ, तपाईंको जीवनको समय वृद्धि हुनेछ। नडराउनुहोस्।

कठिनाइको दिनमा, कठिनाइको दिनमा
निश्चय नै म येशू ख्रीष्टमा भएको विश्वास म समात्नेछु, निश्चय नै म येशू ख्रीष्टमा भएको विश्वास समात्नेछु।
भयले भरिएको दिनमा, भयले भरिएको दिनमा
निश्चय नै म येशू ख्रीष्टको प्रेममा रहनेछु, निश्चय नै म येशू ख्रीष्टको प्रेममा रहनेछु।

*....Contd. to page 9*



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।


### मेरो युवा हृदयको धड्कन र रगतको संचालन केवल मेरो येशू, मेरो सृष्टिकर्ताको निम्ति थियो ।

सन् १९६७ को वर्षमा सम्माननीय मिसनरी सुसमाचार प्रचारक **दिदी इमियाम्माल सन्यासीनी अम्मालले** नेयूर, स्मृति हलमा ३ दिनको निम्ति सुसमाचार बैठक संचालन गर्नुभयो। मैले त्यो सहरमा प्रारम्भिक शिक्षा पाएको थिएँ। उहाँ अत्यन्तै वृद्ध महिला हुनुहुन्थ्यो। भाइ माइकल चेल्लादुराई, भाइ जोन विक्लिफ, भाइ जोशुवा ग्नानादुराई र भाइ जोन कोइलपिट्चाइजस्ता नासरत प्रार्थना संगतिबाट केही भाइहरू अन्य परमेश्वरका दासहरूका साथमा आउनुभयो र येशू खीष्टको बारेमा प्रचार गर्नुभयो, आफ्ना गवाहीहरू बाँड्नुभयो।



*Sis. Emiyammal Sanyasini Ammal*

**दिदी इमियाम्माल सन्यासी अम्मालले** यी प्रचारकहरूलाई सहायता गर्न र सेवा गर्न मलाई प्रयोग गर्नुभयो। मैले उहाँहरूलाई पानी दिने, उहाँका लुगाहरू धुने, उहाँका जुत्ता सफा गरिदिने, उहाँहरूका निम्ति खानेकुरा व्यवस्था गर्ने र उहाँहरूका निम्ति कुनै पनि काम गर्नको निम्ति उहाँहरूसँगै थिएँ। उहाँहरू नयूरको डाक्टर अययादुराईको एङ्ग्लो इन्डिजिनस क्लिनिकको माथिल्लो तल्लामा बस्नुभएको थियो। डा. डि. अययादुराई सेवकाइमा समर्पित हुनुहुन्थ्यो र उहाँहरूलाई आर्थिक सहायता प्रदान गरेर परमेश्वरका सेवकहरूलाई सहायता गर्नुभएको थियो। उहाँको सानो भाइ डा. डि. सिमोनले शिशु भैदिया आश्रममा बाल अस्पताल संचालन गरिरहनुभएको थियो, उहाँले मलाई प्रेम गर्नुभयो र मलाई अत्यन्तै धेरै उत्साह दिनुभयो। एक पटक उहाँले मलाई हेर्नुभयो र भन्नुभयो, "तिमीमा केही विशेष कुरा छ।" त्यसैले उहाँले मेरो प्रशंसा गर्नुभयो। म त्यो समयमा १८ वर्षको थिएँ।



*Bro. John Wycliffe*



*Dr. D. Ayyadurai*



*Dr. D. Simon*

ती बैठकहरूमा नासरत प्रार्थन संगतिका युवा प्रचारकहरूले येशू खीष्टद्वारा उहाँहरू कसरी बचाइनुभएको थियो र सांसारिक पापबाट कसरी छुटकारा पाउनुभएको थियो र विशेष गरी सिनेमा हेरेर र चाँडै। सांसारिक मनोरञ्जनबाट उहाँहरू कसरी बचाइनुभएको थियो भनेर उहाँहरूले गवाही दिनुभयो, जसले उहाँको जवानीका दिनमा दृष्ट प्रभाव पारेको थियो। उहाँहरूले प्रभु येशू खीष्टमा



*Bro. Joshua Gnanadurai, Bro. Michael Chelladurai, Mr. John Arputharaj*

पवित्र जीवना अगुवाइ भएर एउटा व्यक्तिले आनन्द पाउन सक्छ भनेर व्याख्या गर्नुभयो।

ती बैठकको अन्तिम दिनमा, मैले आफ्नो पापमय जीवनको बारेमा थाहा पाए र प्रभु येशू खीष्टलाई मेरो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गरें। मैले पवित्र जीवन जिउन प्रेम गर्न थालें। मैले शर्तहीन निर्णय लिएँ कि म उपयोगी जीवन जिउनुपर्छ र परमेश्वरको लागि केही गर्नुपर्छ। यी भावनाले मलाई परमेश्वर येशू खीष्टको सेवा गर्ने कुरातिर धकेलेको थियो। त्यो दिन, मैले आफ्ना पापको पश्चात्ताप गरें, ती परमेश्वरको सामु स्वीकार गरें र मेरो सम्पूर्ण जीवन प्रभु र मुक्तिदाता येशू खीष्टलाई सुम्पिएँ। जीवित परमेश्वर येशू खीष्टद्वारा मैले मुक्तिको आशिष् पाएँ। "...आफ्नो मनमा नयाँ भई पूर्णरूपले परिवर्तित होओ..." (रोमी १२:२)।

ती बैठकको अन्त्यमा नासरत प्रार्थना संगतिका परमेश्वरका सेवकहरूमा मेरो निम्ति गहिरो प्रेम र चासो विकास भयो र उहाँहरूले मलाई उहाँको स्थानमा जान निम्त्याउनुभयो। त्यसैले मैले उहाँहरूसँग जान मेरा अभिभावकहरूसँग अनुमति मागें। उहाँहरूले मलाई नासरतसँग तिरुनेल्भेली जिल्लामा भएको सहरमा लैजानुभयो। मिसनरी सुसमाचार प्रचारक **दिदी इमियाम्माल सन्यासीनी अम्माल** पनि हामीसँग हुनुहुन्थ्यो।


### सर्वोच्च अनुभव । नासरत प्रार्थना संगति ।

त्यो साधारण पौवा थियो। तयो पैवामा मार्गोस्चिस स्कुल र कलेजमा उच्च शिक्षा पाएका विद्यार्थीहरू, शिक्षकहरू, प्राध्यापकहरू र अन्य धेरै समर्पित मानिसहरू हरेक दिन साँझको बैठकमा सहभागी बन्नुहुन्थ्यो। साधारण खाजा दिइएको थियो। साम्बर (तरकारीको मुरब्बा) र स्वादिलो रसम (तरकारीको सूप) खानाको निम्ति दिइएको थियो। रातमा पनि भातको साथमा अत्यन्तै स्वादिलो रसम दिइएको थियो। मेरो निम्ति त्यो अचम्मको अनुभव थियो। त्यो पौवामा रात र

दिनमा मैले प्रभुको उपस्थिति महसुस गर्न सक्थें। त्यो स्थानमा परमेश्वरका सेवकहरूको बानीहरू र क्रियाकलापहरूबाट म आकर्षित भएको थिएँ। आत्मिक गुण भएका परमेश्वरका केही ठूला मानिसहरू र महान् अगुवाहरू यहाँबाट नै हुर्किएका थिए भनेर मैले सुनें। दिनदिनै ममा तिनीहरूजस्तै बन्ने चाहना बलियो हुँदै गयो।

## थेरीमा अनुभव । एकान्त स्थान ।

हरेक दिन साँझ ५ बजे र ८ बजे सबै सदस्यहरू थेरी भन्ने स्थानमा भेला हुन्थे। त्योचाहिँ रातो माटोले भरिएको एकान्त स्थान थियो। तिनीहरूले व्यक्तिगत प्रार्थना, बाइबलल पढाइ, सामुहिक प्रार्थना, गवाही बाँड्ने, आदि काम गर्ने गर्थे। उहाँहरूले सो प्रार्थनामा सहभागी हुन मलाई पनि अनुमति दिनुभयो र प्रार्थनामय जीवनको रहस्य र पवित्र आत्माद्वारा निर्देशित जीवनशैलीको बारेमा सिकाउनुभयो।



***Bro. John Koilpitchai***



***Bro. R. Stanley (Blessing Youth Mission)***

म अझै पनि तीमध्ये केहीलाई सम्झन्छु: भाइ सान्था कुमार, भाइ जेकब सेल्भाराज, भाइ जोन अर्पुथाराज, भाइ प्याकियाराज, भाइ फिलिप जयसिंह, भाइ गुना सेकर, भाइ कुमारादास (थेन्कासी), भाइ कुमारादास (बेंगलोर), भाइ इम्मानुएल, भाइ कुमार, भाइ स्टानले, भाइ दानिएल, भाइ गिदोन, भाइ शमूएल, भाइ तिमोथी, भाइ मानिककाम, भाइ कालेब पावल पन्डियन, भाइ जोसेफल गुनासिंह, भाइ तीतस मारिया सुन्दरम, भाइ बेन्नी, भाइ ज्योथी पान्डियन, आदि।

१५ दिनपछि **दिदी इमियाम्माल सन्यासीनी अम्माल** मलाई आफ्नो घर लैजान आउनुभयो। परमेश्वरका सेवकहरूले आँसुको साथमा प्रार्थना गरिदिनुभयो।

त्यो समयमा भाइ माइकल चेल्लादुराई, भाइ जोन विक्लिफ, भाइ जोशुवा ग्नानादुराई, भाइ जोन कोइलपिच्चाइ र परमेश्वरका अन्य अग्रज भाइहरूले ममाथि हात राख्नुभयो र मेरो लागि प्रार्थना गरिदिनुभयो। त्यो प्रार्थनाको समयमा तीमध्ये एक जना अगमवाणी गर्नुभयो, जुन यस्तो रहेको थियो:

"हे, छोरा साम सेल्भा राज। मैले तँलाई मेरो निम्ति छानेको छु। तँद्वारा म महान् कामहरू गर्न लागेको छु। बाइबलमा शमूएलझैं तेरो नाउँअनुसार म तँलाई



***Nazareth Prayer Fellowship - 1967***

अगमवक्ताहरू र शक्तिको मानिसको रूपमा उचाल्नेछु। म तँलाई बुबामा परिणत गर्नेछु, जसले धेरै मानिसहरूलाई खुवाउनेछ। परमेश्वरको सेवक भएकोमा तैले शर्म गर्नेछैनस् र प्रभु येशू ख्रीष्टको निम्ति निडर अगुवा बन्नेछस्। म तँसँग हुनेछु र तैले चाहना गर्ने सबै थोक तँलाई दिनेछु। म तँलाई संसारका धेरै देशहरूमा पठाउनेछु र तँद्वारा मेरो राज्य स्थापना गर्नेछु। म तँलाई खुल स्वास्थ्य र सिद्ध वर्षहरू दिनेछु। तँ मेरो दृष्टिमा बहुमूल्य र आदरणीय भएकोले र मैले तँलाई प्रेम गरेको कारणले म मानिसहरूलाई तेरो सट्टामा र जाति-जातिहरूलाई तेरो जीवनको सट्टामा दिनेछु" (यशैया ४३:४)।



चाँडै सन् १९६९ मा 'उहाँको आगमनको सन्देश' भारतका मुख्य सम्पादक, परमेश्वरका महान् मानिस रेभ. एस. देवदासनलाई मलाई परमेश्वरको नम्र सेवक बनाउन मेरो निम्ति पठाउनुभयो, जुन प्रख्यात ख्रीष्टियान पत्रिका हो। परमेश्वर असल हुनुहुन्छ।

*(...to be continued in August 2022 issue)*

*पृष्ठ ७ बाट*

तपाईंको मुखबाट उद्घोषित भएका विश्वास र आशापूर्ण वचनहरूले निश्चय नै तपाईंको हृदयमा आनन्द र स्थिरता अघि ल्याउनेछ।

प्राय: जब हामी ठूलो समस्याले थिचिएका हुन्छौं, हामीले बोल्ने शब्दहरू राम्रा हुँदैनन्। हामी कुशल अनुभवी ख्रीष्टियान भए पनि कहिलेकाहीँ हामीले तल दिइएका कुराहरू भन्छौं:

१. प्रभुले मेरो प्रार्थना सुन्नुभएको छैन (अय्यूब ३०:२०)।

२. प्रभुमा मेरो निम्ति कुनै निगाहा छैन (अय्यूब ३०:२०)।

३. प्रभु मप्रति क्रुर हुनुहुन्छ (अय्यूब ३०:२१)

४. प्रभुले मलाई शत्रुझैं व्यवहार गर्नुहुन्छ (अय्यूब ३०:२१)

५. प्रभुले मलाई उचाल्नुभयो र मलाई तल फ्याँकिदिनुभयो (अय्यूब ३०:२२)

६. भलाइको साटो मैले दुष्टता पाएँ (अय्यूब ३०:२६)

७. ज्योतिको साटो अन्धकार आयो (अय्यूब ३०:२६)

८. मैले अनुभव गरेको समस्याहरू कसैले पनि अनुभव गरेको छैन।

९. मेरो जीवन कष्टको साथमा अन्त्य हुन्छ (भजनसंग्रह ३१:१०)।

१०. मेरा दिनहरू गरिबीमा गएको छ (भजनसंग्रह ३१:१०)।

के तपाईं पनि यस्तै प्रकारको अवस्थामा हुनुहुन्छ ? निरुत्साहित नहुनुहोस्। प्रभुले तपाईंमा पनि चमत्कार गर्नुहुनेछ। तर तपाईंले गर्नुपर्ने केही कुराहरू छन्:

१. अविश्वासमय कुराहरू नबोल्नुहोस्। विश्वासयोग्यता र आशाले भरिएका शब्दहरू मात्रै बोल्नेहोस्।

२. तपाईंको विश्वासको सम्बन्धमा तपाईंलाई अन्योल बनाउने मानिसहरूबाट टाढा रहनुहोस्। तपाईंको विश्वासलाई उत्साह दिने मानिसहरूसँग बलियो

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

संगतिमा रहनुहोस्। तपाईंको विश्वासलाई उत्साह दिने मानिसहरूसँग बलियो संगतिमा रहनुहोस्, गवाहीमय जीवन जिउन येशू ख्रीष्टमा तपाईंको राम्रो स्तरसँग संघर्ष गर्नुहोस्।

३. राम्रो हुने अवसर नभए पनि प्रभुमा र आश्चर्यकर्म गर्न उहाँको शक्तिमा विश्वास गर्नुहोस्, आशापूर्ण प्रार्थनाको साथमा उहाँमा मात्रै ढल्कनुहोस्। निश्चय नै आश्चर्यकर्म हुनेछ।

**"तपाईंको शोक आनन्दमा परिणत हुनेछ" (भजनसंग्रह ३०:११)!** *

## OUR BANK DETAILS:

*1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

*2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

*3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 16th JUNE, 2022**
**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers**, New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**